# ॐ श्रीदत्तात्रेय-दर्पण



परमहंस आचार्य योगिराज बालकृष्णानन्द 'मुक्तबुद्ध'

# प्राक्कथन

सनातन धर्मको दिव्य लीलाअन्तर्गत परमेश्वरका अनन्त विभूतिहरू प्रकट भई अनेक लीला गर्नुभएको इतिहास र पुराणहरूमा पाइन्छ । यो कुरा सत्य पनि हो । सर्वशक्तिमान् परब्रह्म परमेश्वरकों महिमा नै अपार छ । प्रभु निरञ्जन निराकार भईकन पनि सगुण र साकार रूपमा अवतीर्ण हुनुभएको छ । परमेश्वरको अलौकिक शक्ति नभइदिएको भए शून्य केही रहँदैनथ्यो । केवल शून्यको आधारमा सबै जीवको उत्पत्ति हुनै सक्दैन । त्यसैले परमेश्वर स्वयं नै एकबाट अनेक रूपमा प्रकट भई लीला गर्नुहुन्छ । वेला वेलामा प्रकट हुने विग्रहको आफ्नै महिमा छ । यी विग्रहहरू समय र परिस्थितिअनुरूप हुन्छन् । तदनुरूप नै समावेश पनि भएको हुन्छ ।

हाम्रा शास्त्रहरू हाम्रा लौकिक मान्यतानुसार नै बनेका छन् । तिनमा ब्रह्मा, विष्णु र महेश्वरले सृष्टि, स्थिति र संहारको जिम्मा लिएर लोकमा विविध लीला गर्नुभएको पाइन्छ । ती अवतारको विशेषता र महत्त्व लोकसमाजको निम्ति कम कल्याणकर छैन । यस क्रममा दत्तात्रेयको लीलावतारको पनि कम महत्त्व छैन । यस लीलावतारको आफ्नो विशेषता छ । यस अवतारको विशेषता र महिमाको बोध यसै पुस्तकको अध्ययन-क्रममा अवश्य नै हुनेछ ।
दत्तात्रेय त्रिदेवको शक्तिपुञ्ज हो भन्ने कुरा यस ग्रन्थको पाठबाट अवगत हुनेछ नै । त्रिदेवको परिपूर्ण शक्तिले गर्दा नै भगवान् दत्तात्रेय महाज्ञानी, महाध्यानी, महाजापक, महातपस्वी स्वयं सिद्ध, स्वयं बुद्ध र स्वयं मुक्त हुनुहुन्छ । उहाँ आजसम्म पनि गुरुरूपमा पूजित हुनुहुन्छ ।

आत्मज्ञान तथा ब्रह्मज्ञानबारे अनगिन्ती प्रश्न र शङ्का बोकेर प्रजापतिसमक्ष पुगेका दत्तात्रेयलाई सम्झाउँदै प्रजापतिले निर्देश गर्नुभयो- "हेर दत्तात्रेय ! यस विषयमा अरुसँग सोध्नुभन्दा आफू स्वयम्को जीवनमा र विधिव्यवहारमा अगाडि आइपर्ने दृश्य र घटनाक्रमलाई गहिरिएर चिन्तन र मनन गर्दै सोबाट निचोड र निष्कर्ष निकाल, त्यहींबाट तिम्रा जिज्ञासाहरू स्वतः शान्त हुनेछन् ।" यस महामन्त्रलाई आत्मसात् गर्दै दिनरात अध्ययन र अनुसन्धान गर्दै हिँडेका दत्तात्रेयलाई जतातत‍ै आत्मज्ञानको दीपज्योति दर्शन हुन थाल्यो ।

पृथ्वी, जल, तेज, वायु र आकाशजस्ता पञ्चतत्त्वबाट प्रचुर ज्ञान प्राप्त गर्दै उहाँ अझ अगाडिका घटना र गतिविधिहरूमा गहिरिएर लाग्दै जानुभयो । यसरी जाँदा चन्द्रमा अग्नि, समुद्र, परेवा, अजिङ्गर, बत्तीको पुतली, माहुरीहरूवाट उहाँलाई थप ज्ञान प्राप्त हुन

थाल्यो । यसरी जस-जसबाट उहाँलाई आत्मज्ञान र सन्तोष प्राप्त भयो ती सबैलाई गुरु मान्दै जानुभयो । अगाडि बढ्दै जांदा हात्ती, मह काढ्ने व्यक्ति, माछा, हरिण, चील र पिङ्गलानामक वेश्याबाट समेत विभिन्न ज्ञानहरू प्राप्त भए । बालक, कुमारीकन्या, वाण निर्माता, सर्प, कुमालकोटी र माकुरो जस्ता प्राणीहरूका गतिविधिवाट पनि दत्तात्रेयले ब्रह्मज्ञानका धेरै तत्त्व प्राप्त गर्नुभयो ।

यसरी चौबीसवटा घटना र गतिविधिबाट उहाँका सम्पूर्ण प्रश्नको उत्तर प्राप्त भएको र सोहीबाट आत्मज्ञान प्राप्त भएकोले उहाँ यी सबै चौबीसै तत्त्वहरूलाई गुरुको रूपमा मान्नुहुन्छ ।

काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यजस्ता षड्रिपुको वशमा रहुँन्जेल कामना, तृष्णा र अहङ्कारको जालमा फसुन्जेल व्यक्ति अविवेकी र अज्ञानी नै रहिरहन्छ । यसरी व्यक्ति स्वयम् सुख र दुःखको मुख्य कारण हो । आफु को हो ? आफु किन हो ? आफुले के गर्नुपर्ने हो ? यी जिज्ञासा शान्त गरी विवेक र ज्ञान प्राप्त गर्न सके आफुलगायत सम्पूर्ण प्राणीको कल्याण र शान्ति प्राप्त गर्न सकिने निश्कर्ष निकाली भगवान् दत्तात्रेयले सबैलाई मार्ग-निर्देश गर्नुभएको पाइन्छ ।

शिवशक्तिका अंशपुत्र भगवान् दत्तात्रेय अवधूत हुनुहुन्थ्यो । उहाँले परशुराम, अलर्क, यदु आदिलाई विभिन्न महाविद्याहरूको यथार्थ ज्ञान दिनुभएको थियो भने अजगर मुनिको भेषबाट भक्तराज प्रह्लादलाई विभिन्न उपदेशको साथै अवधूत स्थितिको विषयमा समेत ज्ञान गराउनुभएको थियो ।

अवधूत-गीताका रचनाकार भगवान् दत्तात्रेयका प्रथम शिष्य सहस्रार्जुन, द्वितीय शिष्य यदुराजा तथा तृतीय शिष्य श्रीकृष्ण मानिएका छन् । यस कलियुगमा नवनाथहरूलाई उहाँ स्वयम्ले शिक्षा र दीक्षा दिनुभयो । सोही कारण भगवान् गुरु दत्तात्रेय नाथपन्थीहरूका आदिगुरु पनि मानिएको पाइन्छ ।

नाथपन्थमा नवनाथको ठूलो महत्त्व मानिएको छ । यी नवनाथ नवनारायणका स्वरूप हुन्- १) कदि, २) अन्तरिक्ष, ३) मीननाथ, ४) प्रबुद्ध, ५) पिप्पलायन, ६) आविर्होत्र, ७) द्रुमिल, ८) चमस, ९) करभाजन । यी नवनाथ नै नवनारायणका रूप मानिँदै आएका छन् ।

भगवान् दत्तात्रेयले १) मत्स्येन्द्रनाथ, २) गोरखनाथ, ३) जालन्धर नाथ, ४) कनिकानाथ, ५) चर्पटीनाथ, ६) नागनाथ, ७) भर्तृहरिनाथ, ८) रेवणनाथ, ९) गहिनीनाथ यी नवनाथलाई दीक्षा दिनुभयो, त्यसैले दत्तात्रेय नाथपन्थीका पनि आदिगुरु हुनुभयो । यी समस्त योगीहरू अनेक विद्यामा सिद्धहस्त भएका हुँदा आजसम्म पनि छँदैछन् भन्ने भनाइ पाइन्छ ।
दत्तात्रेयको अवतार सात्त्विक मानिन्छ । दत्तात्रेयले समस्त महाविद्याहरूको साधन गरी सर्वज्ञत्व प्राप्त गर्नुभएको थियो । त्रिदेव एक रूपमा अवतीर्ण हुनुभएको हुँदा उहाँको उपासना गर्ने भक्तलाई स्वतः ब्रह्मा, विष्णु र महेश्वरको उपासना गरेको फल मिल्दछ ।

वातावरणको दुष्प्रभाववाट वच्न, अल्पायु व्यक्तिले दीर्घायु प्राप्त गर्न र काम क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता विकृतिबाट अलग्ग भई निर्लेप अवस्था प्राप्त गर्न पनि दत्तात्रेयको उपासनाले सहजै सफलता प्राप्त गर्न सकिन्छ । दत्तात्रेयदेवको उपासनामा आठ प्रकारको महारोग, अठार प्रकारको कुष्ठरोग, ४० प्रकारको वातरोगलगायत अनेक रोग निवारण गर्ने शक्ति छ । दत्तात्रेयको जपमात्रले पनि ठूल्ठूला रोगहरू निको भएको प्रत्यक्ष अनुभव हामीले गरिसकेका छौं । त्यसैले आजको युगमा भगवान् दत्तात्रेयको साधना गर्नु नितान्त आवश्यक छ । दत्तात्रेय स्वयं मृत्युञ्जय पनि हुनुहुन्छ ।

सबैको कल्याण हओस् भन्ने भावनाले यस पुस्तकमा गरिएको दत्तात्रेयको नाम सङ्कलन, सम्पादन, छपाइ, शुद्धीकरण आदि क्षेत्रमा सहयोग गरी पुस्तकाकार रूप दिने सम्पूर्ण सहयोगी भक्तजनहरूप्रति धन्यवाद ज्ञापन गर्दैं, सबैलाई श्रीगुरु दत्तात्रेय परमेश्वरको आशीर्वाद सधैं प्राप्त भइरहोस् भन्ने प्रार्थना गर्दछु ।

**बालकृष्णानन्द**
२०६३ गुरुपूर्णिमा

# सम्पादकको भनाइ

दत्तात्रेय-दर्पणसम्बन्धी यस पुस्तकको सम्पादन गर्न पाएकोमा म आफुलाई धन्य ठान्दछु । मेरा गुरु प्राज्ञ पण्डित श्री नयराज पन्तले मेरो हृदयमा सानैमा दत्तात्रेयको महत्ताको छाप बसालिदिनुभएको थियो । उहाँ भन्नुहुन्थ्यो- 'किताप पढेर ज्ञानी बनिँदैन । ज्ञानी वन्न त दत्तात्रेयले झैं प्रकृतिबाटै शिक्षाग्रहण गर्न सक्नुपर्छ ।' यस क्रममा उहाँ 'दत्तात्रेयका चौवीस गुरु' भनी व्याख्या गर्नुहुन्थ्यो । तर यस पुस्तकमा पच्चीस गुरुको उल्लेख भएको छ । उहाँले आफुबाट पनि शिक्षा ग्रहण गरेको हिसाबमा पच्चीस गुरु मानिनु उपयुक्त नै छ । श्रीमद्भागवत महापुराणमा समेत चौबीस गुरुको उल्लेख पाइन्छ । आफुलाई गुरु नमानेर चौबीस गुरु भनिएको हुनुपर्छ । योगिराजजीले स्पष्ट रूपमै पच्चीस गुरु देखाउनुभएको छ । आत्मानुसन्धानद्वारा आफैबाट पनि शिक्षाग्रहण गरिने कुरो त पक्कै हो ।

धार्मिक आध्यात्मिक कृतिहरूको परिमार्जन वा सम्पादन गर्नु गाह्रो काम हुँदो रहेछ भन्ने अनुभूति मैले पाएको छु । किनभने त्यहाँका अशुद्धि अशुद्धि नै हुन् भनी निक्यौल गर्न गाह्रो हुँदो रहेछ । हामीले अशुद्ध भन्ठानेका कुरो शुद्ध नै हुन सक्दो रहेछ । कोही अशुद्धलाई शुद्ध नै हो भनी निर्वन्ध पनि बन्न चाहन्छन् । यस्ता सबै कुरालाई समेत ध्यानमा राखी यथासम्भव वाधा नपर्ने गरी मेरो सानो वुद्धिले भ्याएसम्म राम्ररी सम्पादन गर्ने प्रयास गरेको छु । तथापि मुद्राराक्षसले आफ्नो धर्मको निर्वाह गरिछाड्ने कुरो नकार्न सकिँदैन । त्रुटि त हुन्छन् नै, क्षमाप्रार्थी छु ।

जो सदैव अरुको शिष्य बन्न पछि हट्दैन उ नै जगद्गुरु बन्दो रहेछ भन्ने यथार्थ वस्तुपरक शिक्षा जगद्गुरु भगवान् दत्तात्रेयजस्ता अवतार पुरुषवाट पाउँदापाउँदै पनि हामीजस्ता अकिञ्चन क्षुद्र मानिसहरूमा अहङ्कार चढ्दो छ । भगवान् दत्तात्रेयले हामीलाई त्यस्तो अभिमानबाट हटाई षड्रिपुबाट सदाको लागि मुक्त राख्न शक्तिप्रदान गर्नुहुने विश्वास गरौं । हामी आफ्ना मन, वचन एवं कर्मलाई तदनुरूप संस्कार दिँदै वासनारहित हुन सकौं र हामी सदा कल्याणमार्गमा प्रतिष्ठित रहन सकौं । शन्नो भवतु । ॐ शान्तिः शान्तिः शान्तिः ।

**कुमारधर शर्मा 'ज्ञानी'**

वि.सं. २०६३ आषाढ २४ शनिवार